# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ४** **भागः २** **संख्याः ४**

**प्रमाणीकरण मितिः२०८१/४/३०** **कार्यपालिकाबाट स्वीकृत मितिः ०८१/४/३०**

## मानेभन्ज्याङ केत्तुके जिप लाईन सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१

### प्रस्तावना

स्थानीय स्तरमा रहेको र संभावना बोकेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी देश विदेशका पर्यटकहरुको आगमनलाई बृद्धि गर्न र ग्रामिण क्षेत्रमा नै रोजगारी सिर्जना गरी स्थानीय बासिन्दाको आर्थिक र सामाजिक जीवनस्तर उकास्न प्रयास गर्न, ग्रामिण पर्यटन पूर्वाधारको दिगो विकास गर्न, पर्यटन व्यवसायबाट हुने लाभलाई समूदायको पहुँजभित्र ल्याउने संरचनाको निर्माण र विकास गर्न पर्यटन नीति २०६५ बमोजिम नेपालको ग्रामिण भेगमा साहसिक खेल मार्फत पर्यटन क्षेत्रको विकास, प्रबर्द्धन, व्यवस्थापन सञ्चालन र नियमन गर्न जिप लाईन

सञ्चालन तथा व्यवस्थापन कार्यविधि जारी गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) एवम् प्रशासकीय कार्य नियमित गर्ने ऐन, २०७९ को उपदफा (१) बमोजिम मानेभन्ज्याङ गाउँपालिकाको गाउँ कार्यापालिकाको मिति २०८१ साल ।०३।०२। गतेको बैठकले यो कार्यविधि पारित गरी जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

१) यो कार्यविधिको नाम "**जिप लाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१**" रहने छ ।

२) यो कार्यविधि कार्यापालिकाको बैठकले पारित गरी राजपत्रमा प्रकाशन पश्चात तुरुन्त लागू हुनेछ ।

२) परिभाषा – विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झिनु पर्दछ ।

२) गाउँपालिका भन्नाले मानेभन्ज्याङ गाउँपालिकालाई सम्झिनु पर्दछ ।

३) अध्यक्ष भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको अध्यक्षलाई सम्झिनु पर्दछ ।

४) वडा कार्यालय भन्नाले मानेभन्ज्याङ गाउँपालिकाभित्रका वडाहरुलाई सम्झिनु पर्दछ ।

५) वडा अध्यक्ष भन्नाले मानेभन्ज्याङ गाउँपालिकाभित्रका वडाका अध्यक्षहरुलाई सम्झिनु पर्दछ ।

६) वडा समिति भन्नाले वडा कार्यालयको पदाधिकारीहरुलाई सम्झिनु पर्दछ ।

७) प्रमुख प्रशासकीय अधिकृत भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झिनु पर्दछ ।

८) समन्वय तथा अनुगमन समिति भन्नाले परिच्छेद २ को दफा ३ बमोजिम गठित समितिलाई सम्झिनु पर्दछ ।

९) सञ्चालन समिति भन्नाले परिच्छेद २ को दफा ४ गठित समितिलाई सम्झिनु पर्नेछ ।

# परिच्छेद-२

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३) जिप लाईन सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण कार्यहरुको अनुगमन तथा समन्वय गर्न तपशिल बमोजिमको समन्वय तथा अनुगमन समितिको व्यवस्था हुनेछ ।

१) मानेभन्ज्याङ गाउँपालिकाको अध्यक्ष — संयोजक

२) मानेभन्ज्याङ गाउँपालिकाको उपाध्याक्ष — सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

यो समितिले जिप लाईन सञ्चालन र व्यवस्थापनको लागि आवश्यक सल्लाह, सुझाव, अनुगमन र नीतिगत कार्यहरुको जुनसुकै अवस्थामा गर्न सक्नेछ ।

४) जिप लाईन सञ्चालन तथा व्यवस्थापन गर्नको लागि तपशिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समितिको गठन गरिनेछ ।

१) सम्बन्धित वडा अध्यक्ष — संयोजक

२) वडा समितिका सबै सदस्यहरु — सदस्य

३) सम्बन्धित वडाको व्यवसायी, बुद्धिजिबी, समाजसेवी मध्येबाट १ जना — सदस्य

४) सम्बन्धित वडाको वडा सचिव सदस्य — सचिव

५) सञ्चालन समितिको काम, कर्तव्य र अधिकार

१) समितिले जिप लाईन सञ्चालनको लागि कम्तीमा ४ जना दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

२) दक्ष जनशक्ति व्यवस्थापन गर्दा मर्मत सम्भारको समेत ज्ञान भएकोलाई छनौट वा तयारी गर्नुपर्ने ।

३) जिप लाईन सञ्चालन गर्दा मौसमको प्रतिकुलतालाई समेत लेखा जोख गर्नु पर्ने र लगाउनु पर्ने जिम्मेवारी दिने ।

४) जिप लाईनको शुल्क निर्धारण सम्बन्धमा समितिले पालिकाको सम्बन्धित निकायलाई सिफारिस गरी निर्धारण गर्ने ।

५) जिप लाईन खेलमा सहभागी हुने व्यक्ति वा पर्यटकले जिप लाईन खेल्ने बेलामा सम्पूर्ण सुरक्षाको मापदण्डहरु पालना गर्ने र गराउने ।

६) जिप लाईनमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक नियमानुसार व्यवस्थाको पालिकामा सिफारिस गरी यकिन गरी दिने ।

७) कानून बन्देज गरेको कार्य वा गतिविधि गर्न रोक लगाउने वा निषेध गर्ने गराउने ।

८) मादक पदार्थ सेवन गरी जिप लाईन खेलमा सहभागी नगराउने ।

९) जिप लाईन खेलमा सहभागी हुने व्यक्ति वा पर्यटकको विमा सम्बन्धी पालिका र सम्बन्धित विमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

१०) आवश्यकता अनुसार अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-३

## जिप लाईन सञ्चालन गर्ने व्यक्ति वा फर्मको छनौट विधि र काम, कर्तव्य र अधिकार

६) जिप लाईन सञ्चालन गर्ने व्यक्ति वा फर्मको छनौट गर्न निम्न बमोजिमको कार्य गर्नुपर्नेछ

१) जिप लाईन सञ्चालन भएको वडा र मानेभन्ज्याङ गाउँपालिकाको समन्वयमा सूचना पाटी वा सामाजिक सञ्जालमा ३५ दिने प्रस्ताव पेशको लागि सूचना प्रकाशित गरिनेछ ।

२) सूचना अवधिमा विधिपूर्वक प्रस्ताव पेश गर्ने मध्ये १ जना व्यक्ति वा फार्मलाई मूल्य बढाबढमा छनौट गरिनेछ । यसरी छनौट गर्दा रकम तथा सरकारी ठेक्का बन्दोबस्ती ऐन, २०२० बमोजिम गरिनेछ ।

३) दफा ६ को उपदफा २ बमोजिम छनौट भएको व्यक्ति फार्म वा कम्पनीको हकमा व्यवस्थापन तथा सञ्चालन समितिले तोकेको वार्षिक रकमको २५ प्रतिशत रकम पालिकाको आन्तरिक राजश्व खातामा अग्रिम जम्मा गर्नु पर्नेछ ।

४) दफा ६ को उपदफा २ बमोजिम ठेक्का नपरेको अवस्थामा जिप लाईन सञ्चालन तथा व्यवस्थापन समिति र गाउँपालिका बीच समन्वय गरी स्थानीय क्लब, विधिवत रुपमा दर्ता भएको

सामूदायिक संस्थाहरु, व्यक्ति, फार्म वा कम्पनीलाई पुन: ठेक्का नपरेसम्मको लागि सञ्चालनको लागि जिम्मा दिन सक्नेछ ।

५) ठेक्का नपरेको अवस्थामा सञ्चालन तथा व्यवस्थापन समिति र गाउँपालिकासँग समन्वय गरी दैनिक ज्यालादारीमा समेत कर्मचारी नियुक्ति गरी सञ्चालन गर्न पनि सकिनेछ । यसको निर्णय गर्ने अधिकार भने सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यापालिकाले गर्न सक्नेछ ।

७) जिप लाईन सञ्चालनको जिम्मा लिने व्यक्ति फार्म वा कम्पनीको काम कर्तव्य र अधिकार

१) सञ्चालन तथा व्यवस्थापन समितिले दिएको निर्देशन अनुसार काम गर्ने गराउने ।

२) जिप लाईनको प्राविधिक पक्षहरुको उचित हेरचाह गर्ने र गराउने ।

३) जिप लाईन सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार आन्तरिक वा बाह्य पर्यटकहरुको लागि निश्चित शुल्क गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम लिनु पर्नेछ ।

४) प्रचलित कानूनले बर्जित गरेको कुनै पनि अनैतिक कार्य गर्न र गराउने पाईने छैन ।

## परिच्छेद-३

## आर्थिक व्यवस्थापन

८) जिप लाईन खेलमा सहभागी हुने व्यक्तिलाई गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम लिन सक्नेछ ।

९) अनुगमन तथा सुपरीवेक्षण विज्ञहरु बोलाई प्रत्येक वर्ष वर्ष कोषको स्थापना ठेक्का रकमको वा आम्दानीको २० प्रतिशत समितिको बैठक महिनामा १ पटक बस्ने सक्नेछ। नियमानुसार प्राप्त हुने बैठक भत्ता समितिले पालिकामा पेश गरी भुक्तानी गर्न सक्नेछ । जिप लाईन सञ्चालन व्यवस्थापन

## परिच्छेद-४

### विविध

९. जिप लाईन सञ्चालन समितिले सञ्चालनमा अरु थप आवश्कताका आधारमा कार्य विधिलाई संशोधन गर्न सक्नेछ ।

१०. जिप लाईन सञ्चालन अवधिमा मर्मत र सम्भार गर्नु परेमा परिच्छेद ३ को दफा ६ को उपदफा २ बमोजिमको प्राप्त व्यक्ति, फर्म वा कम्पनीले गर्नुपर्नेछ । जिप लाईन सञ्चालन समितिले सिफारिस गरेमा जिप लाईन मर्मत सम्भारको लागि पालिकाले आवश्याकताको आधारमा बजेट विनियोजन गरि व्यवस्थापन गर्नेछ ।

११. जिप लाईन सञ्चालनको क्रममा कोही कसैले आफ्नै जिद्धिपनका कारण बाहिर हाम फाल्ने, प्राविधिकको निर्देशन नमान्ने गरेको कारण धनजनको क्षती हुन गएमा त्यसको जिम्मेवार स्वयम व्यक्ति हुनुपर्नेछ ।

१२. गाउँपालिकभित्र सञ्चालित जिप लाईन मानभेन्ज्याङ गाउँपालिकामा दर्ता गरी सञ्चालन गर्नुपर्नेछ ।

१३. जिप लाईन सञ्चालनको लागि लिईएको शुल्क, जिप लाईन मर्मत र सञ्चालनका लागि कर्मचारीको व्यवस्थापनको पारिश्रमिक वा ज्याला यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

<u>मस्यौदा तयारी समिति</u>

१. राम मणी राई — संयोजक
२. विष्णु बहादुर तामाङ- सदस्य
३. राम कुमार राई — सदस्य

आज्ञाले
छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत